संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक - ३९

२०७६ भदौ ८ गते आइतबार

दिनको १:०० बजे

## <u>दैनिक कार्यसूची</u>

**व्यवस्थापन कार्य**

१. राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयालले,-

(क) प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "सेफगार्ड्स, एण्टी-डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग विधेयक, २०७५" लाई टेबुल गर्नु हुने ।

(ख) राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको "प्रशासकीय अदालत विधेयक, २०७६" लाई प्रतिनिधि सभाको बैठकबाट सम्बन्धित समितिको प्रतिवेदनमा उल्लेखित संशोधन सहित पारित भएको सन्देशको जानकारी सभा समक्ष दिनु हुने ।

२. माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भूमी सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु हुने।

३. माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वन विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु हुने।

४. माननीय गृह मन्त्री राम बहादुर थापाले,-

(क) प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "प्रहरी समायोजन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव